आज मिति २०८१।१२।०७ गते बिहिबारका दिन यस के.आई.सिंह गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री मिना देवी बिष्ट ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको १२ औं (आ.व. ०८१-०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नाम,थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री मिना देवी बिष्ट | कार्यवाहक अध्यक्ष | | |
| २ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | | |
| ३ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | | |
| ४ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | | |
| ५ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | | |
| ६ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | | |
| ७ | श्री दिल बहादुर बलायर | वडा अध्यक्ष (वडा नं ७ ) | | |
| ८ | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | —— | |
| ९ | श्री नारु बि.क. | कार्यपालिका सदस्य | —— | |
| १० | श्री धारु बि.क. | कार्यपालिका सदस्य | —— | |
| ११ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | —— | |
| १२ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | | |
| १३ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | —— | |
| १४ | श्री पुष्प राज भट्ट | नि. सदस्य-सचिव | | |
| १५ | श्री किस्ना ओली | डि.वी. अध्यक्ष १नं. | कृस्ना | |
| १६ | श्री विरेन्द्र साउद | रोजगार संयोजक | | |

मिति:२०८१।१२।०७ गते बिहिबार

के.आई.सिंह गाउँपालिका कार्यपालिका बैठक संख्याः १२

प्रस्तावहरु:

१. प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा।
२. स-शुल्क जग्गा प्राप्ती गर्ने सम्बन्धमा।
३. बजेट विनियोजन गर्ने सम्बन्धमा।
४. अद्यावधिक गाउँ शिक्षा योजना स्विकृत गर्ने सम्बन्धमा।

निर्णयहरु:

१. प्रस्ताव नं १ माथी छलफल गर्दा यस गाउँपालिकाको वडा नं १ मा निर्माण सम्पन्न भएको के.आई.सिंह संग्रहालयका लागि निशुल्क सामाग्री प्राप्तिका लागि सूचना आह्वान गरिएकोमा प्राप्त भएका सामाग्रीहरु सहित संग्रहालय संचालनका लागि आवश्यपर्ने सामाग्रीहरु खरिद गर्नका लागि गाउँपालिकाको संग्रहायल संचालन समितिले पेश गरेको प्रतिवेदन अनुमोदन गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो।

२. प्रस्ताव नं २ माथी छलफल गर्दा यस गाउँपालिकाको वडा नं ४ मा रहेको हाल गाउँ कार्यपालिकाको कार्यालय रहेको भवनमा जाने बाटोका लागि जग्गा प्राप्ति गर्नका लागि निशुल्क जग्गा प्राप्ति सम्बन्धी सूचना प्रकाशन गरिसकिएकोमा उक्त अवधिमा कुनैपनि व्यक्तिबाट जग्गा प्राप्तिका लागि आवेदन पेश हुन नसकेकोले तपसिलको चारकिल्ला बमोजिमको जग्गा स-शुल्क प्राप्तिका लागि सूचना आह्वान गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो।

तपसिल:

| क्र. स. | जग्गाको विवरण | कार्यालयलाई आवश्यक पर्ने जग्गाको क्षेत्रफल | जग्गाको चार किल्ला | कैफियत |
|---|---|---|---|---|
| १ | ४ नं वडा कार्यालय र प्रहरीचौकी वायल जाने बाटो | २७४.२४ वर्गमिटर | पूर्वमाः वडा नं ४ को जग्गा र प्रहरीचौकी वायल<br>पश्चिममाः दिपालय बोगटान सडक खण्ड<br>उत्तरमाः नान्नी टोल<br>दक्षिणमाः वडा नं ४ को आकस्मिक खुल्ला केन्द्र | सडक संञ्जालमा जोडिएको जग्गालाई प्राथमिकता दिईनेछ। |

३. प्रस्ताव नं ३ माथी छलफल गर्दा के.आई.सिंह गाउँपालिकाको वडा नं ७ मा रहेको बलायरगाँउ बिष्टगाउँ हुदै शिखर नगरपालिका जोडने सडक सरसफाई र स्तरोन्नतीका लागि सडक बोर्डको वार्षिक स्विकृत कार्यक्रममा समावेश भएकोमा उक्त सडकको स्तरोन्नतीका लागि हाल कायम रहेको सडकको सुरुवाती बिन्दुलाई परिवर्तन गरी नयाँ कटिङ गर्नु पर्ने भएको तर उक्त काम सडक बोर्डबाट स्विकृत कार्यक्रममा समाबेश नभएकोले उक्त कार्य गर्नका लागि यस गाउँपालिकाको प्राविधिक शाखाबाट अनुमानित लागत अनुमान रकम रु १५०,०००।– पेश भएकोले सोही बमोजिमको रकम गाउँपालिकाको चालु आर्थिक वर्षमा विनियोजित स्थानीय सडक मर्मत सम्भार शिर्षकबाट खर्च हुने गरी बजेट विनियोजित गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो।

४. प्रस्ताव नं ४ माथी छलफल गर्दा गाउँपालिकाले तयार गरेको गाउँ शिक्षा योजना निर्माण भएको ३ आर्थिक वर्ष पुरा भैसकेकोले गाउँपालिकाले छनौट गरेको गाउँ शिक्षा योजना अद्यावधिक लेखन समितिले सम्बन्धित सरोकारवालाहरु सँगको छलफलमा तयार गरेको अद्यावधिक गाउँ शिक्षा योजनामा छलफल गरी स्विकृत गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो।

निर्णय प्रमाणित

८१/१२/८

आज मिति २०८१-१२-२६ गते मंगलबारका दिन यस के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको तेह्रौं (आ.ब. ०८१-०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण बहादुर बम | वडा अध्यक्ष (वडा नं. १) | |
| ४ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | |
| ५ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | |
| ६ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | |
| ७ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | |
| ८ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | |
| ९ | श्री दिल बहादुर बलायर | वडा अध्यक्ष (वडा नं. ७) | |
| १० | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | कलु |
| ११ | श्री नारु बि.क. | कार्यपालिका सदस्य | |
| १२ | श्री धारु बि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | |
| १४ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | |
| १५ | श्री नरभिान लुहार | कार्यपालिका सदस्य | |
| १६ | श्री हिमाल डगौरा | सदस्य-सचिव | |
| १७ | श्री यज्ञ बहादुर रावल | कृषि शाखा प्रमुख | |
| १८ | विरेन्द्र सिंह साउद | रोजगार संयोजक | |

मितिः २०८१ चैत्र २६ गते मंगलबार

के.आई.सिंह गाउँ कार्यपालिका कार्यालय, बायल,डांटी, सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः१३

**प्रस्तावहरुः**

१) नयाँ वर्ष २०८२ को शुभकामना आदानप्रदान सम्बन्धमा।

२) रकमान्तर सम्बन्धमा।

३) ढुंगा, गिट्टी, बालुवाको उत्खनन अनुगमन समिति गठन सम्बन्धमा।

४) लघु उद्यम विकास कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा।

५) ब्याकहो लोडरको भत्ता संशोधन गर्ने सम्बन्धमा।

६) Anti-rabies vaccine को भण्डारण तथा संचालन गर्ने सम्बन्धमा।

७) प्र.म.रोजगार बाह्य सामाग्री खरिद रकम थप सम्बन्धमा।

८) गरिब तथा विपन्न परिवार र एकल महिलाका लागि आयआर्जन सम्बन्धी कृषि तथा पशुपालन कार्यक्रम अन्तर्गत भैंसीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।

९) बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।

१०) संग्रहालय संचालनका लागि आवश्यक सामग्री प्राप्ति सम्बन्धमा।

**निर्णयहरू:**

**निर्णय नं. १:**

दिदिबहिनी, बुबा-आमा, निर्वाचित जनप्रतिनिधि, कर्मचारी लगायत सम्पूर्णलाई नयाँ वर्षको शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

प्रस्ताव नं. २ माथि छलफल गर्दा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन शीर्षकमा बजेट नपुग भएकोले देहायको शीर्षकबाट तपशील बमोजिम रकमान्तर/शीर्षकान्तर गर्ने निर्णय गरियो।

तपशीलः

| हालको शीर्षक | रकम | रकमान्तर गरिने शीर्षक | रकम |
|---|---|---|---|
| असल शैक्षिक अभ्यासको स्थलगत अध्ययन भ्रमण | ३,००,०००।- | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | ७५,०००।- |

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को बुँदा नं १८ बमोजिम स्थानीय अनुगमन समिति देहाय बमोजिम गठन गरियो।

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही(गा.पा. अध्यक्ष) | संयोजक |
| २ | श्री मिना देवी बिष्ट(गा.पा. उपाध्यक्ष) | सदस्य |
| ३ | श्री हिमाल डंगौरा(प्र.प्र.अ) | सदस्य |
| ४ | श्री पुष्प राज भट्ट(योजना अधिकृत) | सदस्य |
| ५ | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ६ | श्री नवराज अवस्थी(इन्जिनियर) | सदस्य |
| ७ | सम्बन्धित वडा हेर्ने प्राविधिक कर्मचारी | सदस्य |
| ८ | श्री हिरेन्ड साउद(राजश्व शाखा प्रमुख) | सदस्य-सचिव |

CamScanner

मितिः २०८१ चैत्र २६ गते मंगलबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः१३

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सिर्जनाका लागि यस गाउँपालिकाका वडा नं. ४, ५, ६ र ७ नं. वडा छनौट गर्ने र आधारभूत सिलाई कटाई तालिम संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिकामा कार्यरत ब्याकहो लोडर चालकलाई पारिश्रमिक बाहेक प्रति घण्टा रू.२५० भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ६:**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा रेबिज बिरूद्धको खोप लगाउनका लागि के.आई.सिंह बासीले दिपायल जानुपर्ने र आवतजावत लगायतमा आर्थिक रूपले खर्चिलो हुन जाने भएकाले जनताहरूलाई सहज रूपमा सो सेवा प्रवाह गर्नका लागि यस के.आई.सिंह गा.पा. अन्तर्गत वडा नं. ४ स्थित दुर्गामाण्डौं स्वास्थ्य चौकीमा भण्डारको उचित व्यवस्था भएकोले उक्त खोप यहि दुर्गामाण्डौं स्वास्थ्य चौकीबाट लगाउन सकिने व्यवस्थाका लागि सम्बन्धित निकायसँग अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:**

प्रस्ताव नम्बर ७ माथी छलफल गर्दा चालु आ.व.मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित आयोजनाहरुमा बहा्य सामाग्री खरिद गर्नका लागि अपुग रकम "पञ्चवर्षिय रोजगार रणनीति कार्यान्वयन गर्न विभिन्न कार्यक्रम" शिर्षकबाट रु. १,५०,००० र बाकी रकम प्रविधिकको लागत अनुमान अनुसार "निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार तथा भौतिक संरचना निर्माण खर्च" शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ८:**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व.०८१-०८२ का लागि सुदूरपश्चिम प्रदेश सरकारबाट विशेष अनुदान अन्तर्गत यस के.आई.सिंह गाउँपालिकाका गरिब तथा बिपन्न परिवार र एकल महिलाका लागि आय आर्जन सम्बन्धी कृषि तथा पशुपालन कार्यक्रम शीर्षकमा विनियोजित रू. २५,००,०००|-(पच्चिस लाख) बजेट कार्यान्वियनका लागि **' गरिब तथा विपन्न परिवार र एकल महिलाका लागि आयआर्जन सम्बन्धी कृषि तथा पशुपालन कार्यक्रम अन्तर्गत भैंसीपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१'** स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा आ.व.०८१-०८२ का लागि सुदूरपश्चिम प्रदेश सरकारबाट विशेष अनुदान अन्तर्गत यस के.आई.सिंह गाउँपालिकाका लागि **पोषणमैत्री स्थानीय शासन तथा प्रवर्धन कार्यक्रममा** विनियोजित बजेट रू. २५,००,०००|-(पच्चिस लाख) कार्यान्वयनका लागि **'पोषणमैत्री तथा स्थानीय शासन प्रवर्धन कार्यक्रम संचालन कार्यविधि, २०८१'** स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १०:**

प्रस्ताव नं. १० माथि छलफल गर्दा के.आई.सिंह गाउँपालिका वडा नं. १ डुम्राकोटमा अवस्थित के.आई.सिंह संग्रहालय संचालन तथा व्यवस्थापनका लागि आवश्यक सामग्रीहरू निःशुल्क रूपमा प्राप्त गर्नका लागि आवश्यक कार्य गर्ने साथै निःशुल्क रूपमा प्राप्त हुन नसकेका सामग्रीहरू खरिद गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

CamScanner